# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### थापाथली, काठमाडौंको
## "नागरिक बचतपत्र २०७१ख" निष्कासन गर्ने सूचना

"नेपाल सरकारको नागरिक बचतपत्र २०७१ख" देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०७१ख (५ वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रु.१५५.०० करोड (एक अर्व पचपन्न करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक व्याजदर :- ९ प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा व्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि :- २०६६ आषाढ १७ गतेदेखि आषाढ २३ गतेसम्म ।
(ङ) निष्कासन हुने मिति :- २०६६ आषाढ २५ गते ।
(च) साँवा भुक्तानी हुने मिति:- २०७१ आषाढ २५ गते ।
(छ) खरिद गर्न सकिने रकम:- रु.१,०००।- वा सो अंकले भाग गर्दा नि:शेष हुने रकम (बढीमा दश लाख रुपैयाँसम्म) ।
(ज) फाराम सम्बन्धी व्यवस्था :- यस सम्बन्धी फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाईट (www.nrb.org.np अन्तर्गत Public Debt बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।
(झ) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. तोकिएको व्याजदरमा हरेक ६/६ महिनामा आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, **बाणिज्य बैंकहरु तथा देहायका बजार निर्माताहरु** (यसको सूची नेपाल राष्ट्र बैंकको वेबसाइट http://www .nrb.org.np मा पनि उपलब्ध छ) बाट व्याज लिन सकिनेछ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता कहाँ रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त व्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा १ थान र प्रति थान बचतपत्रमा १ का दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम विना व्याज ७ दिनभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. उपर्युक्त नागरिक बचतपत्र यस बैंकबाट इजाजत प्राप्त देहायका बजार निर्माताहरु, उपत्यका बाहिरको हकमा नेपाल राष्ट्र बैंक वा बाणिज्य बैंक मार्फत समेत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुबाट नि:शुल्क उपलब्ध हुनेछ ।

८. उपर्युक्त नागरिक बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु, बाणिज्य बैंकहरु र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो परिपत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपर्युक्त नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई उपर्युक्त म्यादभित्र बिक्री गरी दैनिक खवर फ्याक्स (फ्याक्स नं.४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

९. बिक्री खुला रहेको अवधि पूरा नहुँदै सबै रकम बिक्री भएमा उक्त अवधि समाप्त हुनु अगावै बचतपत्र बिक्री कार्य बन्द गर्न सकिने छ । साथै, बिक्री खुला रहेको अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहेमा वा बढी बिक्री भएमा बचतपत्र बाँडफाँड सम्बन्धमा यस बैंकले निर्णय गरे बमोजिम हुनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४२५७८८०, ४२४१२७२, ४२२१७६३ वा ४२४८९००-९०४ एक्सटेन्सन २१९-२२० मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइड http://www .nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन अनुरोध गरिन्छ ।

| क्र.सं. | बजार निर्माताको नाम | ठेगाना |
|---|---|---|
| १ | नविल बैंक लिमिटेड (प्रधान कार्यालय) | कमलादी, काठमाडौं |
| २ | नेपाल बंगलादेश बैंक लि. | बिजुली बजार, काठमाडौं |
| ३ | नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड | कमलादी, काठमाडौं |
| ४ | लुम्बिनी बैंक लिमिटेड | दरवारमार्ग, काठमाडौं |
| ५ | माछापुच्छे बैंक लि. | पुतलीसडक, काठमाडौं |
| ६ | लक्ष्मी बैंक लिमिटेड | हात्तीसार, काठमाडौं |
| ७ | सनराईज बैंक लि. | गैह्रीधारा, काठमाडौं |
| ८ | कृषि विकास बैंक | रामशाहपथ, काठमाडौं |
| ९ | डिसिबीएल लिमिटेड | कमलादी, काठमाडौं |
| १० | मालिका विकास बैंक लिमिटेड | धनगढी, कैलाली |
| ११ | वागेश्वरी विकास बैंक लिमिटेड (वित्तीय संस्था) | नेपालगंज, बाँके |
| १२ | विराटलक्ष्मी वित्तीय संस्था लिमिटेड | विराटनगर, मोरङ्ग |
| १३ | काष्ठमण्डप डेभलपमेन्ट बैंक लि. | पाको न्युरोड, काठमाडौं |

| | | |
|---|---|---|
| १४ | गोरखा विकास बैंक (नेपाल) लि. | पुतलीसडक, काठमाडौं |
| १५ | क्लिन इनर्जी डेभलपमेन्ट बैंक | सीतापाईला, काठमाडौं |
| १६ | सानिमा विकास वित्तीय संस्था लि. | नागपोखरी, काठमाडौं |
| १७ | भिबोर विकास बैंक लि. | त्रिपुरेश्वर, काठमाडौं |
| १८ | तिनाउ विकास बैंक लि. | बुटवल, रुपन्देही |
| १९ | पश्चिमाञ्चल विकास बैंक लिमिटेड | बुटवल, रुपन्देही |
| २० | नेशनल फाइनान्स लि. | नयाँ सडक, काठमाडौं |
| २१ | अन्नपूर्ण फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | पोखरा, कास्की |
| २२ | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था) | रामशाहपथ, काठमाडौं |
| २३ | मर्केन्टाइल फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | वीरगञ्ज, पर्सा |
| २४ | नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लि. (वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| २५ | गुडविल फाइनान्स कं. लिमिटेड (वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| २६ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.(वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं |
| २७ | लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) | त्रिदेवी मार्ग, काठमाडौं |
| २८ | एस डेभलपमेन्ट बैंक लि. | कान्तिपथ, काठमाडौं |
| २९ | इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं.लि.(वित्तीय संस्था) | नयाँवानेश्वर, काठमाडौं |
| ३० | महालक्ष्मी फाइनान्स लि. (वित्तीय संस्था) | वीरगञ्ज, पर्सा |
| ३१ | ललितपुर फाइनान्स लिमिटेड (वित्तीय संस्था) | लगनखेल, ललितपुर |
| ३२ | भाजुरत्न फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) | कान्तिपथ, काठमाडौं |
| ३३ | एनएमवि बैंक लिमिटेड | दरवार मार्ग, काठमाडौं |
| ३४ | नवदुर्गा फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) | इताछें, भक्तपुर |
| ३५ | सेन्ट्रल फाइनान्स लि.(वित्तीय संस्था) | कुपण्डोल, ललितपुर |
| ३६ | नागरिक लगानी कोष | पुतलीसडक, काठमाडौं |
| ३७ | रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. (वित्तीय संस्था) | दरवारमार्ग, काठमाडौं |
| ३८ | क्रिष्टल फाइनान्स लि. (वित्तीय संस्था) | बागदरवार, काठमाडौं |
| ३९ | क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | बत्तिसपुतली काठमाडौं |
| ४० | गोरखा फाइनान्स लिमिटेड (वित्तीय संस्था) | हात्तीसार, काठमाडौं |
| ४१ | गुह्येश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि. (वित्तीय संस्था) | जावलाखेल, ललितपुर |
| ४२ | किष्ट बैंक | अनामनगर, काठमाडौं |
| ४३ | एन.आई.डि.सि. क्यापिटल मार्केट्स लि. (वित्तीय संस्था) | कमलपोखरी, काठमाडौं |
| ४४ | आइ.सि.एफ.सि.वित्तीय संस्था लिमिटेड | भाटभटेनी, काठमाडौं |
| ४५ | प्रुडेन्सियल वित्तीय संस्था लि. | डिल्लीबजार, काठमाडौं |
| ४६ | प्रभु फाइनान्स लि. | कान्तिपथ, काठमाडौं |
| ४७ | स्टेण्डर्ड फाईनान्स लिमिटेड (वित्तीय संस्था) | कमलपोखरी, काठमाडौं |
| ४८ | फेवा फाइनान्स कं. लिमिटेड (वित्तीय संस्था) | पोखरा, कास्की |
| ४९ | आइ.एम.ई. फाइनान्सियल इन्ष्टिच्युशन लिमिटेड | कान्तिपथ, काठमाडौं |
| ५० | सिभिल मर्चेन्ट वित्तीय संस्था लि. | कुलेश्वर, काठमाडौं |
| ५१ | सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फा.लि. | मानभवन, ललितपुर |
| ५२ | सम्झना फाइनान्स कम्पनी लि. (वित्तीय संस्था) | बनेपा, काभ्रेपलाञ्चोक |
| ५३ | सिद्धार्थ फाइनान्स लिमिटेड (वित्तीय संस्था) | भैरहवा, रुपन्देही |
| ५४ | वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | हेटौंडा, मकवानपुर |
| ५५ | रिलायवल इनभेष्टमेन्ट वित्तीय संस्था लि. | बागदरवार, काठमाडौं |
| ५६ | नेपाल एक्सप्रेस फाइनान्स लि. | बुटवल, रुपन्देही |
| ५७ | सेती वित्तीय संस्था लि. | टीकापुर, कैलाली |
| ५८ | मंजुश्री फाइनान्सियल ईन्ष्टिच्यूशन लि. | नयाँ बानेश्वर, |
| ५९ | लर्ड बुद्ध फाइनान्सियल ईन्ष्टिच्यूशन लि. | न्युरोड, काठमाडौं |
| ६० | सुर्यदर्शन फाइनान्स कं. लि. | नयाँ बानेश्वर, |
| ६१ | प्रिमियर फिनान्स कं.लि. (वित्तीय संस्था) | मानभवन, ललितपुर |
| ६२ | भ्याली फाइनान्स लि. | महाराजगञ्ज, काठमाडौं |
| ६३ | नेपाल फाइनान्स एण्ड सेभिङ्गस् कं.लि. (वित्तीय संस्था) | कमलादी, काठमाडौं |
| ६४ | हिमालय फाइनान्स लि. | बागदरबार, काठमाडौं |
| ६५ | वुटवल फाइनान्स लिमिटेड (वित्तीय संस्था) | वुटवल, रुपन्देही |
| ६६ | युनाइटेड फाइनान्स लि. | तीनधारा, काठमाडौं |
| ६७ | युनियन फाइनान्स लिमिटेड (वित्तीय संस्था) | कमलादी, काठमाडौं |